

"Breaking Barriers, Promoting Domestic Investment"

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)

# २२ औं बार्षिक

# साधारणसभा-२०८१

# प्रतिवेदन





# गणेश कार्की
## अध्यक्ष, इप्पान

इप्पानको नयाँ कार्य समिति चयन भएपछिको पहिलो बार्षिक साधारणसभामा उपस्थित तपाईहरु सबैलाई म हार्दिक स्वागत गर्न चाहान्छु । विभिन्न कठिनाई र समस्याको बाबाजूद पनि निजी क्षेत्रबाट विद्युत उत्पादन सुरु गरेको २५ वर्षमा २५ सय मेगावाट उत्पादन गर्न सफल सबै निजी प्रवर्द्धकहरुप्रति सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ज्यूको उपस्थितीमा भएको यो साधारणसभामा धन्यवाद दिन चाहान्छु । यो यात्रामा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण लगायत सबै सरोकारवाला निकायप्रति पनि म कृतज्ञता व्यक्त गर्न चाहान्छु । ऊर्जा उत्पादनको ११३ वर्षको इतिहासमा ३२ सय मेगावाट उत्पादन क्षमता पुग्दा निजी क्षेत्रबाट मात्र यति धैरे उत्पादन हुनुमा यी सबै सरोकारवाला निकायको भूमिका महत्वपूर्ण र स्मरणीय छ ।

प्राकृतिक स्रोतमा धनी नेपालको आर्थिक समृद्धिको मुख्य आधारको रुपमा ऊर्जा विकासलाई लिएर सरकारले काम गरिरहेको छ । निजी क्षेत्रले समेत सरकारको योजना अनुरुप आर्थिक समृद्धि हासिल गर्ने अभियानलाई आफ्नो अभियानको रुपमा लिएर योगदान दिइरहेको छ । हालसम्म १३ खर्ब रुपैयाँ बराबर ऊर्जा क्षेत्रमा लगानी गरिसकेको निजी क्षेत्रले अहिले ६ खर्ब रुपैयाँ बराबरका ३२ सय मेगावाटका ऊर्जा आयोजनाहरु निर्माण गरिरहेको छ भने करीव ४० खर्ब बराबरका २० हजार मेगावाटका आयोजनाहरु निर्माणका लागि अग्रसर भएको छ । यति धैरे उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने नेपालको सबैभन्दा बढी लगानी भएको निजी क्षेत्रको साझा संस्था स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)को अध्यक्षको रुपमा आज प्रधानमन्त्रीज्यू लगायतका विशिष्ठ व्यक्तित्वहरु सामु यो कुरा सुनाउन पाउँदा गर्व महशुस भएको छ ।

२०५७ सालमा निजी क्षेत्रबाट व्यापारिक रुपमा बिजुली उत्पादन सुरु गरेसँगै साढे दुई दशकमा पाएको सफलताको कथासँग धेरै संघर्षका कथाहरु पनि जोडिएका छन् । २०४९ सालमा विद्युत ऐनले निजी क्षेत्रको प्रवेशलाई खुल्ला नगरेको भए र २०५५ सालमा विद्युत खरिद सम्झौता (पीपीए) को व्यवस्था नभएको भए, निजी क्षेत्रको यति धेरै उत्पादनको सम्भावना थिएन । यदि निजी क्षेत्र नआएको भए सायद अहिले पनि मुलुकका धेरै ग्रामीण क्षेत्रहरु अन्धकारमय हुन्थे भने लोडसेडिङको चपेटाबाट सर्वसाधारणले मुक्ति पाउने थिएनन् । ११३ वर्षको इतिहासमा सरकारी निकायबाट ७ सय मेगावाट र निजी क्षेत्रबाट साढे दुई दशकमा २५ सय मेगावाटको हाराहारीमा विद्युत उत्पादन हुनु नै कुनै बेला १६ घण्टासम्मको लोडसेडिङ व्यहोरेको मुलुकमा यसको अन्त्यको बलियो उदाहरण हो भन्ने ठोकुवाका साथ भन्न सक्ने अवस्थामा निजी क्षेत्र पुगेको छ । यति मात्र होइन, पहिला हिउँद, वर्षा नै बिजुली किन्नु पर्ने अवस्थामा रहेको नेपाल उत्पादन वृद्धि भएसँगै भारत र बंगलादेशमा वर्षामा बिजुली बेच्ने अवस्थामा समेत पुगिसकेको छ । कुनै बेला ५ मेगावाटको आयोजना निर्माणका लागि विदेशी पैसा र जनशक्ति ताक्नुपर्ने मुलुक अहिले ५ सय मेगावाटसम्मको आयोजना स्वदेशी लगानी र जनशक्तिमार्फत् नै अघि बढाउन सक्षम भैसकेको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू एवं अतिथीज्यूहरु,

कुनै पनि क्षेत्रको सफलताको पछाडी त्यस देशको सरकारको मुख्य भूमिका हुन्छ । सरकारले निजी क्षेत्रलाई गरेको सहजीकरण र सहयोगबाट त्यो सफलता प्राप्ति हुन्छ । नेपालमा निजी क्षेत्रले सरकारबाट त्यो सहयोग पाईरहेको छ । ऊर्जा उत्पादनमा निजी क्षेत्रले मारेको छलाङको पछाडी सरकारको समन्वय, सहकार्य र सहजीकरणसँगै धेरै अवसर, चुनौती र जोखिमका अनुभवहरु पनि छन् । ती अनुभवहरुबाट खारिएर आज निजी क्षेत्र स्वदेशी लगानीमै ५ सय मेगावाटसम्मका आयोजना बनाउन सक्षम भइसकेको छ ।

सर्वप्रथम त प्रधानमन्त्रीज्यू र प्रधानमन्त्रीले नेतृत्व गरेको सरकार तथा ऊर्जा मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहान्छु । ऊर्जामार्फत मुलुकलाई समृद्धिको बाटोमा लैजानका लागि तपाईकै कार्यकालमा गरिएका सम्झौता र निर्णयहरु दुरगामी महत्व राख्ने खालका छन् । प्रधानमन्त्रीज्यूको कुशल नेतृत्व र छिमेकी मुलुकहरुसँगको समन्वयकारी भूमिकाका कारण भारतसँग भएको १० वर्षभित्र १० हजार मेगावाट बिजुली भारत निर्यात गर्ने दीर्घकालिन ऐतिहासिक सम्झौता तपाईकै नेतृत्वमा भएको छ । यो नेपालको ऊर्जा क्षेत्रका लागि ऐतिहासिक र दुरगामी महत्व राख्ने खालको छ । यसका लागि सरकारलाई विशेष धन्यवाद

दिन चाहान्छु । जसले निजी क्षेत्रलाई ऊर्जा विकासमा सहभागिता जनाउनका लागि उत्साह थपेको छ ।

अहिले विश्वको ध्यान नेपालको स्वच्छ र हरित ऊर्जा विकासतर्फ केन्द्रित छ । हालै नेपाल सरकारले गरेको लगानी सम्मेलनको क्रममा पनि अधिकांश देशका प्रतिनिधीहरुको चासो र प्रश्न ऊर्जा आयोजनाहरुमै थियो ।

आज बार्षिक साधारणसभामा उभिएर ऊर्जा विकासको सफलताको कुरा गरिरहँदा निजी क्षेत्रसँग यस्ता उत्साहजनक अनुभवहरु मात्र छैनन, केही तीता अनुभवहरु पनि छन् । ऊर्जा विकासका लागि प्राविधिक, आर्थिक र सामाजिक व्यवस्थापनका लागि पार गर्नुपर्ने धेरै जटिलताहरु पार गर्नुपर्ने अवस्था छ । यति मात्र होइन, एउटा ऊर्जा विकासका लागि कम्तीमा १४ मन्त्रालय, यस अर्न्तगतका ४० विभाग तथा नेपाल विद्युत प्राधिकरण, नेपाल राष्ट्र बैंक, विद्युत नियमन आयोग, धितोपत्र बोर्डलगायतका अन्य थुप्रै निकायमा धाउनुपर्ने अवस्था छ । धाउनुपर्ने मन्त्रालयहरुको नाम लिने हो भने ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, परराष्ट्र मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय छन् । यी निकाय धाउने अवस्थाको अन्त्य गरी ऊर्जा मन्त्रालयलाई शक्तिशाली बनाई एउटा टेबुलमार्फत काम गर्ने वातावरण निर्माण गर्न पनि प्रधानमन्त्रीज्यूलाई विशेष आग्रह गर्न चाहान्छु ।

हामीले यो वर्षको बार्षिक साधारणसभाको नारानै ९ड्यचभबपष्लन द्यबचचष्भचक, एचयक्यतष्लन मयभकतष्अ क्लखभकत्तभलत० अर्थात 'अवरोधहरु हटाऔ, स्वदेशी लगानीको प्रवर्द्धन गरौ' भन्ने राखेका छौ । नेपाल सरकार हाम्रो लागि अभिभावक, सहजकर्ता, समन्वयकर्ता, नीति निर्माता, नियमनकर्ता, प्रर्वद्धनकर्ता लगायतका अभिप्रेरणा जगाउने मुख्य निकाय हो । सरकार कै नीतिको कारण आज हामी यस ठाउँमा उभिन सकेका छौं । सरकारको प्रमुख व्यक्तित्व, अभिभावक हामीसँग भएकोले हामीले तीता, मीठा कुरा भन्नैपर्छ । आजको यो साधारणसभामा हामीले भोगेका तीता, मीठा, संघर्ष, समस्या र चुनौतीहरु बारे संक्षित रुपमा बुँदाहरु प्रश्तुत गर्ने अनुमति चाहन्छु ।

केही मीठा र गौरवपूर्ण कुराबाट सुरु गरौ ।

१. छिमेकी मुलुक भारतसँग भएको १० वर्षभित्र १० हजार मेगावाट बिजुली भारत निर्यात गर्ने दीर्घकालिन सम्झौता भएको छ । यसले ऊर्जा विकासमा संलग्न निजी क्षेत्रमा ठूलो उत्साह र उमंग पैदा गरेको छ । यो नेपालको ऊर्जा क्षेत्रका लागि ऐतिहासिक र दुरगामी महत्व राख्ने खालको छ । यसका लागि सरकारलाई विशेष धन्यवाद दिन चाहान्छु । यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले २८ हजार ५०० मेगावाट ऊर्जा उत्पादनसहितको मार्गचित्र तयार पारेको छ । आगामी सन् २०३५ भित्र १० हजार मेगावाट भारत र ५ हजार बंगलादेशमा निर्यात गर्ने तथा १३ हजार ५०० मेगावाट आन्तरिक खपत गर्ने त्यो मार्गचित्र अहिले मन्त्री परिषद्को पूर्वाधार समितिमा छलफल भइरहेको छ । ६१ खर्ब रुपैयाँ लगानी लाग्ने अनुमान गरिएको सो मार्गचित्रभित्र निजी क्षेत्रका धेरै मुद्दाहरु समेटिएका छन् । त्यो मार्गचित्र तपाईकै नेतृत्वमा तयार भई मन्त्रीपरिषद्मा पुगेकोले चाँडै पारित भई नेपालको ऊर्जा विकासका लागि त्यो मार्गचित्र कोशेढुंगा सावित हुनेछ भन्ने विश्वास हामीले लिएका छौं । अझ हामीले त ऊर्जा दशक घोषणा गरी सरकारको लक्ष्य हासिल नभएसम्मका लागि यस क्षेत्रमा ऊर्जा संकटकाल घोषणा गर्न समेत आग्रह गरिरहेका छौ । यो गर्न सकिएमा यसले ऊर्जा उत्पादनको सरकारको लक्ष्य पूरा हुन ठूलो सहयोग पुग्ने तथा उत्पादनमा वृद्धि भई स्वदेशभित्रै उद्योग व्यवसाय र रोजगारी सिर्जना हुनेछ भन्ने विश्वास लिएको छु ।

२. सीमित रुपमा भएपनि २०७९ साल फागुन २ गते १५ सय मेगावाट तथा हालै १० मेगावाटसम्मका आयोजनाको पीपीए खुल्ला गर्ने तपाई नै प्रधानमन्त्री भएको बेला गरेको निर्णय पनि स्वागतयोग्य छ । यसका लागि सरकारलाई धन्यवाद दिन चाहन्छु । तर, अहिले पनि पीपीएका लागि आवेदन दिएका आयोजनाको क्षमता १२ हजार मेगावाट भैसकेको छ । यसतर्फ सम्माननीय प्रधानमन्त्रीज्यू, ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणको विशेष ध्यानाकर्षण गराउन चाहान्छु ।

३. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले हाल कायम गरेको क्यू ४० को व्यवस्थालाई घटाएर क्यू २५ बनाउने प्रक्रिया अघि बढाउनु सकारात्मक छ । हाल जल तथा ऊर्जा आयोगले गरेको अध्ययनले ४८ हजार मेगावाट जलाशययुक्त आयोजनासहित १ लाख २० हजार मेगावाट नेपालको विद्युत् उत्पादन क्षमता रहेको देखाएकोमा, क्यू २५ मा झार्ने हो भने दुई लाख मेगावाटभन्दा बढी नेपालको उत्पादन क्षमता पुग्नेछ । यो प्रक्रिया अघि बढाएपनि यसबारे निर्णय हुन सकेको छैन । यसका लागि

समेत प्रधानमन्त्रीज्यूलाई विशेष आग्रह गर्न चाहान्छु ।

४. ११ महिना अघि अर्थात असार १ गते आएको बाढीबाट संखुवासभा, पाँचथर र भोजपुर जिल्लाका १८० मेगावाट बराबरका ३१ आयोजना बगाएको थियो । आयोजनालाई राहत र क्षतिपूर्तिका लागि असार ५ गते ऊर्जा मन्त्रीज्यूलाई र ऊर्जा मन्त्रीज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई अवगत गराइएको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूले बाढी प्रभावित क्षेत्रमा भ्रमण गरी विशेष राहत दिने घोषणा पनि गर्नुभएको थियो । तर, ११ महिना बितिसक्दा सम्म बाढी प्रभावित आयोजनाले कुनै पनि किसिमको राहत पाएका छैनन् । क्षतिग्रस्त आयोजनाहरुको पुनःनिर्माणका लागि हामीले भन्सार छुट सुविधा माग्दै आएका छौ । त्यो एजेण्डालाई ऊर्जा मन्त्रालयले मन्त्री परिषद्मा लानेकी अर्थ मन्त्रालयले लाने भनेर विवाद गर्दागर्दै ती आयोजनाहरु बिचल्ली हुने अवस्थामा पुगिसकेका छन् । अब असारमा फेरि बाढी जाने र आयोजनाको निर्माण थप १ वर्ष पर धकेलिने पक्का भइसकेको छ । यही कारण बाढीबाट प्रभावित आयोजनाका प्रवर्द्धकहरु घर न घाटको हुने अवस्थामा पुगिसकेका छन् । इप्पानले यसका लागि प्रधानमन्त्रीज्यु, ऊर्जा मन्त्रीज्यू, अर्थ मन्त्रीज्यू, मुख्य सचिवज्यू, ऊर्जा सचिवज्यू, विद्युत विकास विभागका महानिर्देशकज्यूलाई पटक-पटक निवदेन गरिसकिएको छ । संसदको अर्थ समितिमा पनि छलफल भएर निर्देशनसमेत भइसकेको छ । सम्माननीय प्रधानमन्त्रीज्यूले पटक-पटक प्रतिवद्धता जनाउनुभएको राहत दिने घोषणा गरिएको कुरा अहिलेसम्म कार्यान्वन नभएको कुरा जानकारी गराउँदै यसको निकासका लागि निर्देशन दिनसमेत हार्दिक अनुरोध गर्दछौ ।

५. जलविद्युत आयोजनाले भन्सार छुट पाउनको लागि लगानी बोर्ड अन्तर्गतका आयोजनाको हकमा लगानी बोर्डले र अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित आयोजना वा सो को ठेकेदारले आयात गरेका जलविद्युत आयोजनामा प्रयोग हुने मेसिनरी उपकरण लगायतका निर्माण सामाग्रीमा भन्सार छुट दिने कुरा आर्थिक ऐनमा उल्लेख भएपनि विराटनगर, भैरहवालगायतका भन्सार कार्यालयहरुले विद्युत विकास विभागले सिफारिस गरेर आयोजनाले भन्सार बिन्दुमा ल्याइपुऱ्याएका सामानहरु बीगत तीन महिनाको अवधिमा पटक-पटक छोड्न नमान्दा प्रवर्द्धक कम्पनीले अनावश्यक शुल्क तिर्नुका साथै आयोजनाको निर्माण समेत प्रभावित भई ठूलो आर्थिक नोक्शानी व्यहोर्नु परिरहेको छ । ऊर्जा आयोजना भनियो, हामी जलविद्युत प्रवर्द्धक कम्पनीको सामान छुट दिन मिल्दैन भनेर धेरै सामानहरु रोकिएका छन् । यसले एकातिर अनावश्यक रुपमा करोडौ गोदाम शुल्क

तिर्नुपर्ने अवस्था छ भने अर्कोतिर ती आयोजनाहरुको निर्माणमा ढिलाई भई अर्बौ गुमाउनुपर्ने अवस्था छ । आगामी आर्थिक वर्षको बजेट र आर्थिक विद्येयक जेठ १५ गते आउँदा भन्सारमा अड्किएका सामानहरुको गोदाम खर्च धेरै पुग्ने तथा विद्येयकले यसलाई सम्बोधन गरेपनि यसको कार्यान्वयनका थप समय लाग्ने भएकोले यसलाई तुरुन्तै समाधानका लागि प्रधानमन्त्रीज्यू समक्ष विशेष अनुरोध गर्न चाहान्छौ । यसको समाधानका लागि अर्थ मन्त्रालय र पहलका लागि ऊर्जा मन्त्रालयलाई पत्रसमेत पठाईसकेका छौ ।

६. भूकम्प, आर्थिक मन्दी, समयमै विष्फोटक पदार्थ उपलब्ध नहुनु, बैंकको तरलता लगायतका कारणले ऊर्जा आयोजनाहरुले समयमै आयोजना सम्पन्न गर्न कठिन भएपछि हामीले ती आयोजनाहरुको व्यापारिक उत्पादन मिति र उत्पादन अनुमतिपत्रको म्याद थपका लागि अनुरोध गरिरहेका छौं । यसमा पनि ऊर्जा मन्त्रीदेखि विद्युत प्राधिकरणका कार्यकारी निर्देशक पनि सकारात्मक हुनुहुन्छ । आगामी हप्ता निर्णय हुन्छ भनेर भने पनि धेरै समय भैसक्दा पनि निर्णय हुन सकेको छैन । प्रधानमन्त्रीज्यूमार्फत यसका लागि विशेष पहल गरिदिनुहुन पनि हामी अनुरोध गर्दछौं ।

७. पछिल्लो १० महिनादेखि ऊर्जा आयोजनाहरुको आईपीओ र हकप्रद शेयर जारीको काम रोकिएको छ । हाल २७ आयोजनाको करीब १५ अर्ब रुपैयाँ बराबरको शेयर निष्काशन प्रक्रिया रोकिएको छ । यसले ऊर्जा आयोजनाहरुमा पुँजी संकलनमा ठूलो अप्ठेरो परेको छ । आईपीओ र हकप्रद शेयर जारी गर्ने निकाय अहिले नेतृत्वविहिन अवस्थामा छ । गत पुसदेखि धितोपत्र बोर्डमा अध्यक्ष छैनन् भने हालै विद्युत नियमन आयोगको अध्यक्ष र केही सदस्यको पद पनि रिक्त भएको छ । नियमन आयोगका अध्यक्ष र सदस्य नियुक्तिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले प्रक्रिया सुरु गरिसकेको छ भने धितोपत्र बोर्डमा अध्यक्ष नियुक्तिको प्रक्रिया अन्तिम चरणमा गएर रोकिएको छ । यसले ऊर्जा क्षेत्र मात्र नभएर, धेरै क्षेत्रमा ठूलो असर परेको छ । यसतर्फ पनि प्रधानमन्त्रीज्यूको विशेष ध्यानाकर्षण गराउन चाहान्छौ ।

८. नेपाल सरकारले विद्युत विद्येयक २०८० संसदमा प्रस्तुत गरेको छ । यो विद्येयक निजी क्षेत्रका लागि धेरै महत्वपूर्ण छ । यसमा विद्युत व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउने, संघीयता अनुकुल ऊर्जा विकास गर्ने लगायतका केही प्रावधानहरु सकारात्मक छन् तर विद्येयकमा प्रस्तावित प्रावधानहरु देखेर निजी क्षेत्र भस्किएको छ । यसमा प्रस्तावित प्रावधानहरु जस्ताका तस्तै पारित भए अहिलेसम्मको निजी क्षेत्रको ऊर्जा यात्रामा पूर्ण विराम लाग्ने अवस्था मात्र आउँदैन, अहिले निजी क्षेत्रले कुनै न कुनै रुपमा अघि बढाईरहेका ३० हजार मेगावाट बराबरका आयोजनाको

भविष्य पनि अन्योलमा पर्नेछ। जसका लागि विद्येयक बन्दैछ, तिनै सरोकारवालाको सबैभन्दा बढी विरोध छ। यसकारण नेपाल सरकारले यसमा संशोधनसहित निजी क्षेत्रका लागि लगानीमैत्री विद्येयक बनाउन जरुरी छ। के-के बुँदामा निजी क्षेत्रको आपत्ति छ भने कुरा संसद्को पूर्वाधार विकास समितिदेखि ऊर्जा मन्त्रालयमा समेत लिखित रुपमा पठाई सकेका पनि छौं। विद्येयकको प्रावधानहरु देखेपछि धेरैले विद्युत ऐन २०४९ अहिलेको विद्येयकभन्दा धेरै प्रगतिशिल रहेको बताउँदै ऐनमा विद्युत व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउने र संघीयतालाई समेटेर संसोधन गरे उत्तम हुने विकल्प दिइरहेका छन्। कि अहिलेको प्रावधानहरुलाई निजी क्षेत्रमैत्री बनाउन वा यसलाई फिर्ता लिएर पुरानै ऐनमा संसोधनका लागि अघि बढ्नु उपर्युक्त हुन्छ। यसका लागि समेत हाम्रो विशेष अनुरोध छ।

९. पछिल्लो समय ग्लोबल वार्मिङका कारण खोला नालामा पानीको सतह निकै घट्दै गई कुनै पनि जलविद्युत आयोजनाले पूर्व निर्धारित विद्युत उत्पादन गर्न सकेका छैनन्। हाललाई १० मेगावाटसम्मका आयोजनाको लागि हाइड्रोलोजी पेनाल्टी मिनाहा गरिएको छ। १० मेगघावाट भन्दा माथिका आयोजनामा पनि यही समस्या छ। जलवायु परिवर्तनको कारण सिर्जित समस्यालाई बुझेर सबै क्षमताका आयोजनालाई जरिवाना मिनाहाका लागि पनि विशेष अनुरोध गर्दछौं।

१०. गत वर्षाको समयमा पनि नेपाल विद्युत प्राधिकरणले प्रसारण लाइनको अभाव, स्वदेशमा कम खपत लगायतका कारणले कटिन्जेन्सीको निजी क्षेत्रले उत्पादन गरेको बिजुली खरिद गरेको थिएन। यस वर्ष त झन अफ पिक आवरमा समेत झनै बिजुली खेर जाने अवस्था आउने आंकलन गरिएको छ। बिजुली खेर जाँदा सबैभन्दा बढी मारमा निजी क्षेत्रका प्रवर्द्धक पर्ने गरेका छन्। गत वर्षामा विद्युत प्राधिकरणले केही करिडोरका आयोजनाबाट उत्पादित बिजुलीमध्ये एउटा आयोजनाबाट औषतमा २५ प्रतिशत मात्र लिएको अवस्था छ। यसपटक झन भयावह हुने अवस्था सिर्जना हुँदैछ। यसको छिटो समाधान ननिस्किएमा निजी क्षेत्रका जलविद्युत प्रवर्द्धकहरु डुब्नुका साथै यसमा बैंकहरुको लगानी र सर्वसाधारणको शेयर रकम समेत डुब्ने अवस्था छ। यसको समाधानतर्फ अग्रसर हुन प्रधानमन्त्रीज्यूलाई विशेष अनुरोध गर्दछौं।

११. निर्माणाधीन आयोजनालाई चाहिने बिस्फोटक पदार्थ आयात गर्न नपाउँदा ४ दर्जन जलविद्युत आयोजनाको निर्माण प्रभावित भएको छ। छिमेकी मुलुकबाट पर्याप्त मात्रामा विष्फोटक पदार्थ आयात हुन नसक्दा इप्पानले ऊर्जा, परराष्ट्र र मुख्य सचिवज्यूलाई पत्राचार गरी यसमा सहजीकरण गर्न पत्र लेखिसकेको छ। तर, यसको

समाधान हुन सकेको छैन । यसका लागि प्रधानमन्त्रीज्यूबाट कुटनीतिक पहलका लागि हार्दिक अनुरोध गर्दछौ ।

१२. ऊर्जा आयोजनाहरुले नेपाल सरकारले गरेको कानूनी व्यवस्था अनुसार नै राजस्व, कर र रोयल्टी कर संघीय सरकारलाई तिर्दै आएका छौ । तर, पछिल्लो समयमा धेरै स्थानीय सरकारले गैरकानूनी रुपमा करका दर आफै तोकेर जलविद्युत र सोलार प्रवर्द्धक कम्पनीहरुलाई पत्र पठाउन थालेको अवस्था छ । यसले ऊर्जा आयोजनाहरु थप संकटमा परेका छन् । संघीय सरकारमा कर र राजस्व बुझाएपछि स्थानीय सरकारलाई समेत तिर्नुपर्ने अवस्थाको अन्त्यका लागि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालयलगायतमार्फत स्थानीयतहलाई आवश्यक निर्देशन जानु आवश्यक छ । यसका लागि समेत प्रधानमन्त्रीज्यूलाई विशेष अनुरोध गर्दछौं ।

१३. वन तथा वातावरण मन्त्रालयमा वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन पारित गर्न तथा रुख कटानको भन्झटिलो प्रक्रियाबारे त स्वयं प्रधानमन्त्रीज्यू नै जानकार हुनुहुन्छ । हरित र स्वच्छ ऊर्जा उत्पादन गर्दा एकातिर डर्टी इनर्जीको उपयोग कम हुन्छ भने अर्कोतिर जंगल बिनासमा पनि कमी आउँछ । यति मात्र होइन, ऊर्जा आयोजनाका लागि एक रुख काट्दा १० रुख रोप्ने प्रावधानले झन जंगलको क्षेत्रफल बढ्दो छ । तर, वन तथा वातावरण मन्त्रालयले यस्तो कामका लागि ४ वर्षसम्म लगाएको र पटक-पटक कार्यविधि र निमायावली परिवर्तन गरेर दुःख दिइरहेको अवस्था छ । हामीले हाम्रो देशलाई आर्थिक समृद्धिको बाटोमा लैजाने हो भने देश र जनताका लागि अत्यावश्यक आधारभूत पूर्वाधारहरु निर्माण गर्नैपर्छ तर अहिले सबै पूर्वाधारहरु निर्माण गरीसकेका विकसित देशको मोडालिटी, पूर्वाधार निर्माणको चरणमा रहेको नेपालमा लागू गर्ने गरी प्रावधानहरु राख्दा हामी धेरै पीडित भएका छौ । अझ राष्ट्रिय निकुञ्जभित्र ऊर्जा आयोजनाहरु निर्माण गर्नका लागि स्वीकृतिको ठूलो समस्या छ । नेपाल सरकारकै विद्युत विकास विभागले एकातिर अनुमतिपत्र दिने, अर्कोतिर निकुञ्जले रोक्ने, यो प्रवृत्तिबाट समेत हामी धेरै पीडित भएका छौं ।

१४. ऊर्जासंकट निवारण सम्बन्धी ९९ बुँदे घोषणापत्रमा २०८२ भित्र विद्युत उत्पादन गर्ने आयोजनाहरुलाई प्रतिमेगावाट ५० लाख रुपैयाँ भ्याट फिर्ता गर्ने, पोस्टेड रेट दिने लगायत विषय उल्लेख भएपनि अहिलेसम्म कार्यान्वयन भएको छैन । सरकार आफैले घोषणा गरेको सुविधा र सहुलियत कार्यान्वयन नभएपछि निजी क्षेत्रका जलविद्युत प्रवर्द्धकहरु निराश हुनुपरेको अवस्था छ ।

१५. अहिले पनि ऊर्जा आयोजना निर्माण गर्न ७५ रोपनी जग्गा उपयोगको हदबन्दी

छ । यसले धेरै ऊर्जा आयोजनाहरुको निर्माणमा ठूलो असर परेको छ । ऊर्जा आयोजनालाई आवश्यकताको आधारमा हदबन्दी नलाग्ने व्यवस्था गरिदिनुहुन पनि सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष हार्दिक अनुरोध गर्दछौं ।

आगामी बजेटमा सहजीकरण गर्नुपर्ने विषयहरु

१६. अहिले ऊर्जा क्षेत्रलाई ठूलो बजेटको आवश्यकता छ । यसका लागि ऊर्जा क्षेत्रमा बैंकको लगानी हरेक वर्ष २ प्रतिशतका दरले वृद्धि गर्दै १० वर्षमा २० प्रतिशत पुऱ्याउने अनिवार्य व्यवस्था गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । सरकारले सन् २०३५ भित्र उत्पादन गर्ने लक्ष्य राखेको २८ हजार ५०० मेगावाटका लागि ६१ खर्ब आवश्यक पर्ने प्रक्षेपण ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले गरिसकेको छ, यो लक्ष्य हासिल गर्नका लागि समेत बैंकहरुले ऊर्जामा लगानी बढाउनुपर्ने आवश्यकता छ ।

१७. आर्थिक वर्ष २०८२/०८३ सम्म विद्युत उत्पादन गर्ने आयोजनालाई पहिलो १० वर्षसम्म सतप्रतिशत र त्यसपछि ५ वर्षसम्म ५० प्रतिशत आयकर छुट दिने व्यवस्था गरिएकोमा यसलाई बढाएर आर्थिक वर्ष २०९२/०९३ सम्म विद्युत उत्पादन गर्ने आयोजनालाई पनि यहि व्यवस्था अनुसार आयकर छुट दिने व्यवस्था गरिदिनुहुन पनि अनुरोध गर्दछौं ।

१८. विद्युत् आयोजनाको मर्मत संभारमा प्रयोग हुने मेसिनरी उपकरण आयातमा भन्सार छुट हुने व्यवस्था कायम गरिदिनुहुन अनुरोध गर्दछौं । पहिला १ प्रतिशत मात्र भन्सार लाग्ने गरेकोमा यसलाई २८ प्रतिशत पुऱ्याउँदा ऊर्जा आयोजनाहरुको लागत धेरै बढ्न गएको छ । निश्चित समयपछि सरकारलाई हस्तान्तरण हुने आयोजनामा दिँदै आएको सुविधा कटौती भएकोले आगामी आर्थिक वर्षको बजेटमार्फत अघिल्लो आर्थिक वर्ष २०७९/०८० सम्म कायम व्यवस्थालाई नै कायम गरिदिनुहुन अनुरोध छ ।

१९. आयोजना निर्माण तथा संचालनमा लागेको मूल्य अभिवृद्धि कर कट्टि वा फिर्ता विधिबाट आयोजना निर्माण लागतमा कर पुँजीकृत हुने हालको व्यवस्था हटाई तत्काललाई विद्युतको स्थानीय बिक्री तथा निकासीमा मूल्य अभिबृद्धि कर लगाउने व्यवस्था गर्दा ग्राहक मूल्य पनि नबढ्ने र आयोजना निर्माणमा हुने कर लागतसमेत कम हुन गई नेपालमा उत्पादित विद्युत सस्तो र प्रतिस्पर्धी हुने हुँदा विद्युतको बिक्रीलाई मूल्य अभिबृद्धि कर लाग्ने वस्तुका रुपमा व्यवस्था गरी दिन हुन अनुरोध छ ।

२०. आगामी आर्थिक वर्षको आर्थिक विधेयकमा जलविद्युत आयोजनाका मेसिनरी पार्ट्स, हाइड्रोमेकानिकल तथा इलेकट्रो मेकानिकल पार्ट्स, प्रसारणलाइनमा प्रयोग हुने टावरका उपकरणहरुलाई समेत जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनी वा ठेकेदार कम्पनीले आयात गर्दा भन्सार महशुल छुट हुने भनी स्पष्ट व्यवस्था गरिदिनुहुन पनि अनुरोध गर्दछौं ।

२१. निजी क्षेत्रलाई विद्युत प्रसारण, व्यापार, वितरण र हाइड्रोजन उत्पादनको अनुमति दिने व्यवस्था गरिने कुरा पनि बजेटमा उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं ।

२२. यसै आर्थिक वर्षमा निजी जलविद्युत प्रर्वद्धन नीति बनाईने छ र जलविद्युत् निती २०५८ अनुसार ऊर्जा क्षेत्र पुनर्रसंरचनाको कार्य सम्पन्न गरिने कुरा पनि आगामी बजेटमा समावेश गरिदिनुहुन अनुरोध गर्दछौं ।

२३. उर्जा उत्पादक कम्पनीले आफ्नो आम्दानी ऊर्जा उत्पादन वा प्रसारण लाईन आयोजनामा लगानी गरेमा सो रकमलाई कटाई बाँकी रहेको रकममा मात्र आयकर लगाईने व्यवस्था गरिदिनु अनुरोध गर्दछौं ।

२४. सन् २०४५ भित्र खुद शुन्यकार्बन उत्सर्जनको लक्ष्य हासिलका लागि उर्जामा निजी क्षेत्रको लगानी आकर्षण गर्न सहुलियतका कार्यक्रमहरु ल्याउन तथा उर्जा आयोजनाहरुले ग्रिन हाउस ग्याँस उत्सर्जन कम गर्न सहयोग पुर्‍याउने भएकाले भोलेन्टरी कार्बन मार्केटमा कार्बन विक्री गर्न ऊर्जा उत्पादक कम्पनीहरुलाई प्रोत्साहन गरिने व्यवस्था गरिदिनुहुन पनि अनुरोध गर्दछौं ।

२५. गैर आवासीय नेपालीलाई धितापत्रको दोस्रो बजारमा प्रवेशका लागि नीतिगत व्यवस्था गर्न तथा दुई अर्बभन्दा माथि पूँजी भएका ऊर्जा आयोजनाहरु विदेशी धितोपत्र बजारमा सूचिकृत गरिने व्यवस्था गरिदिनुसमेत हार्दिक अनुरोध गर्दछौं ।

२६. पछिल्लो समयमा ऊर्जा आयोजनाहरुमा विभिन्न मागहरुको नाममा तोडफोड गर्ने क्रम बढ्दो छ । ऊर्जा आयोजना सुरक्षा नीति निर्माण गरी नदी बेसिनका आधारमा जलविद्युत् आयोजना सुरक्षाको व्यवस्थाका लागि समेत अनुरोध छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू

देशको समृद्धका लागि जिम्मेवारीपूर्वक तरिकाले निजी क्षेत्रका प्रवर्द्धकले व्यवसाय गरिरहेका छन् । तर, पछिल्लो समयमा सामान्यभन्दा सामान्य मानवीय त्रूटिमा पनि वास्तविकताको पहिचान नगरी सरकार र यससँग आवद्ध विभिन्न निकायबाट ऊर्जाका लगानीकर्तामाथि अनावश्यक

र झुट्टा मुद्दा लगाउने, पक्राउका लागि आदेश दिने, पक्राउ गर्ने, आईइइ/इआईए खारेज गर्ने, जस्ता गतिविधिमार्फत हतोत्साहित गर्ने कार्य भइरहेका छन् । ऊर्जा आयोजनाहरुको निर्माणलाई समेत गम्भीर असर पर्ने खालका निर्णयहरु र गतिविधिहरु कार्यपालिका, न्यायपालिकाबाट हुन थालेकोमा हामी निकै चिन्तित भएका छौ । यस्ता किसिमका कार्यहरुले ऊर्जा विकाससँग सम्बन्धित सबै निकाय र लगानीकर्ता त्रसित भई लगानी गर्ने वातावरण नहुने र यसले ऊर्जा विकासमा असर पर्ने तथ्यमा समेत सम्बन्धित निकायको ध्यान जानु जरुरी छ । ऊर्जा आयोजनाहरुको ठूलो लगानी आवश्यक भएकोले यसमा निजी क्षेत्रका प्रतिनीधिहरुलाई उत्साहित बनाउने बेलामा यसरी लगानीकर्तालाई हतोत्साहित हुने गरी हुन थालेका गतिविधिहरु तुरुन्तै रोकेर ऊर्जामा लगानीको उचित वातावरण निर्माणका लागि पनि विशेष अनुरोध गर्दछौं ।

अहिले देशको कुल ग्राहस्थ उत्पादन (जीडीपी) मा उत्पादन क्षेत्रको योगदान निरन्तर घट्दो क्रममा छ । तर, स्वदेशी लगानीको ऊर्जा आयोजनाहरुको योगदान भने बढ्दो क्रममा छ । यसलाई समेत सिंहावलोकन गरी प्रधानमन्त्रीज्यूले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकता दिएर यी क्षेत्रमा रहेका समस्याहरुलाई गम्भीरताका साथ लिई सम्बोधन गर्नुहुन्छ भन्ने विश्वास लिएका छौं ।

नेपाल सरकारकै कारणले ऊर्जा क्षेत्रमा निजी क्षेत्रले ठूलो प्रगति गर्न सकेको छ । यही प्रगतिको जगमा उभिएर निजी क्षेत्रका यस्ता प्रगति र समस्या सुनाउन पाउँदा हामी खुशी छौं । प्रधानमन्त्रीज्यूले हामीले राखेका समस्या र प्रगतिलाई एउटा अभिभावकीय संस्था नेपाल सरकारलाई राखेको समस्याको रुपमा लिएर अघि बढ्नुहुन्छ भन्ने आशा गरेका छौं ।

अन्त्यमा, अत्यन्त व्यस्त समयका बाबाजूद पनि इप्पानको २२ औं बार्षिक साधारणसभामा प्रमुख अतिथिको रुपमा उपस्थित भइदिनु भएकोमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूप्रति विशेष धन्यवाद टक्र्याउँछौं । यसैगरी माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रीज्यू, सचिवज्यूहरु लगायत सबै अतिथिज्यूहरुलाई हाम्रो साधारणसभामा स्वागत गर्दै उपस्थित हुनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

धन्यवाद



# पुष्पकमल दाहाल
## प्रधानमन्त्री

‘अवरोधहरूतोडौं, स्वदेशी लगानीको प्रर्वद्धन गरौं’ भन्ने नारासहित मनाउन लागिएको यस वार्षिकोत्सवले ऊर्जा क्षेत्रमा लगानी आकर्षण, प्रवर्धन र बिस्तारका निम्ति प्रेरकको भूमिका खेल्नेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

नेपालको निजी क्षेत्रले जलविद्युत् उत्पादनमा व्यापारिक र व्यवसायिक रूपमा काम गर्न थालेको साढे दुई दशक पूरा भएको छ । यसबीचमा नै संगठित रूपमा इप्पान स्थापना भएर आज २२ औँ वार्षिकोत्सव मनाउन लागेकोमा खुशी लागेको छ ।

नेपालमा ऊर्जा उत्पादन सुरू भएको ११३ वर्ष पुगेको छ । १९६८ साल जेठ ९ गते पहिलोपटक फर्पिङ जलविद्युत् आयोजनाबाट बिजुली उत्पादन भएको थियो । यस अवधिमा ३२ सय मेगावाट ऊर्जा उत्पादन भएको छ, यसमध्ये निजी क्षेत्रबाट २४ सय ऊर्जा उत्पादन भएको छ । देशको विकास र समृद्धिको यात्रामा यो निकै ठूलो उपलब्धी हो । यसका निम्ति निजी क्षेत्र र तपाईहरू धन्यवादका पात्र हुनुहुन्छ ।

कुनै बेला दैनिक १६ घण्टाको चरम लोडसेडिङको अवस्थामा रहेको मुलुकमा अहिले वर्षायाममा विद्युत् निर्यात गर्ने अवस्थामा पुगेको छ, यसमा पनि निजी क्षेत्रको भूमिका प्रशंसनीय छ । अहिले निजी क्षेत्रले ३ हजार मेगावाट क्षमताका आयोजना निर्माण गरिरहेको र करिब २० हजार मेगावाट बराबरका आयोजना निर्माणको विभिन्न चरणमा रहेका छन्, यसले समेत निजी क्षेत्रको ऊर्जा विकासको भूमिका र महत्वलाई दर्शाएको छ ।

हामीले छिमेकी राष्ट्र भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दीर्घकालीन सम्झौता गरेका छौं । त्यसैगरि भारतको ग्रीडलाइन हुँदै बंगलादेशसँग विद्युत् व्यापार गर्ने सम्झौतामा समेत हस्ताक्षर भएको छ । मेरो कार्यकालमा यति महत्वपूर्ण सम्झौता गर्ने अवसर मिलेको छ । यो नेपालको जलविद्युत् क्षेत्रको इतिहासमा मात्र

नभएर समृद्धिको यात्रा सङ्कल्प र अभियानका दृष्टिले समेत ऐतिहासिक सफलता हो, ऐतिहासिक उपलब्धी पनि हो । यसकै कारण तपाईहरूबाट आज अभिनन्दित हुने अवसर पनि पाएको छु ।

यो बिजुली निर्यातको दीर्घकालीन सम्झौता ऊर्जा विकासका लागि कोशेढुंगा सावित हुनेछ भन्नेमा म विश्वस्त छु । यसले ऊर्जा विकासका लागि ढोका खुलेको छ । छिमेकी मुलुक भारत मात्र होइन, अर्को छिमेकी मुलुक बंगलादेशले समेत नेपालको बिजुली आयात गर्ने गरी प्रक्रिया बढाइसकेको छ । नेपाल विद्युत् आयात गर्ने मुलुकबाट विद्युत् निर्यात गर्ने मुलुकमा रूपान्तरित भएको छ । यो इतिहासकै महत्वपूर्ण फड्को हो ।

छिमेकी मुलुकहरूमा बिजुली निर्यातका लागि मात्र होइन, स्वदेशभित्रै विद्युत् खपतका लागि समेत धेरै योजना र कार्यक्रम अघि बढाइरहेका छौं । पेट्रोलियम पदार्थको आयात घटाउँदै जाने र विद्युतीय उपकरण र सवारीसाधनलाई प्रोत्साहन गरी विद्युत्को खपत बढाउँदै जाने सरकारको योजना छ । तसर्थ, देशको विकास र समृद्धिका निम्ति सबैभन्दा महत्वपूर्ण र सम्भावनायुक्त क्षेत्र विद्युत् नै हो भन्ने वैचारिक स्पष्टताका साथ सरकारले काम गरिरहेको छ ।

आन्तरिक खपत तथा निर्यातका लागि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको ऊर्जा उत्पादन नै हो । यसका लागि तपाईहरूको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । यसका लागि लगानी र निर्माण गर्ने वातावरण महत्वपूर्ण हुन्छ । भर्खरै हामीले तेस्रो लगानी सम्मेलन सम्पन्न गरेका छौं, यसले पनि लगानी भित्राउनका लागि स्वदेशी, विदेशी लगानीकर्तामाझ सकारात्मक सन्देश गएको छ । लगानी प्रवर्धनमा बाधक देखिएका ऐनहरू अध्यादेशमार्फत् संशोधन गरिएका कारण पनि अब लगानीका लागि दुविधा राख्नुपर्ने परिस्थितिको अन्त्य भएको छ । यसक्रममा निजी क्षेत्रले उठाउँदै आएका कतिपय मागहरू सम्बोधन भएका छन् । बाँकी मागहरूलाई समेत क्रमशः सम्बोधन गरिँदै जाने कुरा म तपाईलाई स्पष्ट पार्न चाहन्छु ।

वर्षामा बिजुली खेर जाने समस्याबारे कुरा उठाउनुभएको छ । विष्फोटक पदार्थको समस्या पनि राख्नुभएको छ । बाढी पहिरो प्रभावितलाई सहुलियतमा भएको ढिलाइबारे पनि कुरा गर्नुभएको छ । विभिन्न कारणले आयोजनाको व्यापारिक उत्पादन मिति पछाडि सरेको र यसको म्याद थपबारे पनि कुरा राख्नुभएको छ । निजी क्षेत्रलाई बिजुली व्यापारमा संलग्न गराउने कुरा पनि कुरा उठाउनुभएको छ । यी अधिकांश कुरा मेरो स्मरण र नोटिसमा छन् । मैले यसलाई गम्भीर रूपमा लिएको छु । सम्बन्धित निकायहरूसँग आवश्यक परामर्श गरी के-कति सम्बोधन गर्न सकिन्छ, नेपाल सरकारको तर्फबाट त्यसका लागि पहल गरिने विश्वास पनि दिलाउन चाहन्छु ।

सरकार निजी क्षेत्रको प्रवर्द्धनकै पक्षमा छ, यसका लागि विभिन्न काम गर्दै आएको छ । नीतिगत, कानुनी, संस्थागत, संरचनागत र कार्यशैलीमा देखिएका समस्या समाधान गर्ने काममा सरकार लागेको छ, यसमा थप दृढताका साथ लाग्नेछ । भर्खरै मात्र प्रस्तुत भएको नेपाल

सरकारको नीति तथा कार्यक्रममा समेत निजी क्षेत्रलाई पर्याप्त सम्बोधन गरिएको छ । अब हाम्रो ध्यान नीति तथा कार्यक्रमअनुरूपको बजेट निर्माणमा छ । यसपटकको बजेटले नीति तथा कार्यक्रमको लक्ष्य र प्राथमिकतालाई केन्द्र राख्ने कुरा पनि म जानकारी गराउन चाहन्छु ।

नेपाल सरकारको तर्फबाट म प्रष्ट पार्न चाहन्छु- तपाईहरू ढुक्क भएर ऊर्जा आयोजनामा लगानी गर्नुस्, तपाईहरूका लागि संरक्षण, समन्वय, सहजीकरण र सहायताका लागि सरकारले सम्भव सहयोग गर्नेछ ।

इप्पानको यस वार्षिकोत्सवले नयाँ ऊर्जाका साथ ऊर्जा क्षेत्रमा लगानी प्रोत्साहन गर्न, लगानी प्रवर्धनका निम्ति सरकारले लिएका नीतिहरूको प्रभावकारी सम्प्रेषण गर्न र आयोजना निर्माणमा थप तीव्रता दिन महत्वपूर्ण प्रेरणा दिनेछ भन्ने विश्वास छ । व्यक्त गर्दै मेरो भनाइ टुंगाउँछु ।





## कृष्णप्रसाद आचार्य,
### निवर्तमान अध्यक्ष, इप्पान

नेपालको जलविद्युत् आयोजना निर्माण सुरु भएको ११२ वर्षे इतिहासमा निजी क्षेत्रको जलविद्युत् आयोजना निर्माणमा प्रवेश नहुन्जेलसम्मको देशको ऊर्जा उत्पादनको अवस्था कस्तो थियो ? निजी क्षेत्र जलविद्युत आयोजना निर्माणमा प्रवेश गरिसकेपछिको विकासले कति ठूलो परिवर्तन वा फड्को माऱ्यो ? यसको मुख्य कारण निजी क्षेत्र लगानी गर्न, निर्माण गर्न, व्यवस्थापन गर्न समक्ष र सफल भएर हो। खासगरी ऊर्जाक्षेत्रमा निजी क्षेत्रले अतुलनीय योगदान पेश गरेको छ । यति धेरै लामो समय भइसक्दा पनि निजी क्षेत्रलाई उत्पादनबाहेक अन्य क्षेत्रमा प्रवेश दिइएको छैन । उदाहरणकै रुपमा पनि विद्युत् व्यापारलाई पनि हेर्न सकिन्छ। यसैगरी निजी क्षेत्रलाई प्रसारणलाइन निर्माण गर्न, वितरण लाइन र विद्युत् व्यापार गर्न दिइएको छैन। अहिलेको आवश्यकता निजी क्षेत्रलाई विद्युत् उत्पादनमा मात्रै नभएर वितरण र विद्युत् व्यापारमा पनि सहभागि गराउन जरुरी भइसकेको छ । निजी क्षेत्रले प्रवेश पाइसकेपछि कसरी विकास गर्छ भन्ने कुराको प्रमाण पेश गर्न जरुरी वा आवश्यकता छैन । व्यवहारमा देखाउन सकिन्छ । निजी क्षेत्रको एकल प्रयास वा प्रयत्नमा छिमेकीमुलुक भारत तथा बंगलादेशका कम्पनीसँग पनि हामीले विद्युत् व्यापारका लागि सम्भौता गरेर अघि बढीसकेका छौं । निजी क्षेत्रले भारतका ऊर्जा उद्यमीहरुसँग प्रत्यक्ष भेटघाट तथा विद्युत् व्यापारका लागि आवश्यक समभदारी समेत गरिसकेको छ ।

विगत लामो समयदेखि निजी क्षेत्रले विद्युत् व्यापारमा संलग्न र इजाजत माग गरिरहेको छ । अहिलेसम्म हामीलाई सरकारले सो अवसर प्रदान गरेको छैन । यो तत्कालै अघि बढाउन पनि जरुरी देखिन्छ। सरकारले राम्रो संरचना तयार नगर्दा स्वदेशमा जति मात्रामा खपत हुने थियो। सोही अनुसारको विद्युत् खपत हुन सकिरहेको छैन । हामीले गुणस्तरीय विद्युत् आपूर्ति र उपलब्ध गराउन नसक्दा पनि विभिन्न खालका समस्या र चुनौती भोग्दै आइरहेका छौं । सरकारले विद्युतीय सवारीसाधनको प्रयोग बढेको भन्दै कर बढाउने खालको नीति लिनु गलत हो। अहिले विद्युतको बिक्री र वितरण गर्ने एउटा मात्रै सिंगल वायर र सेलर मात्रै रहेको छ । त्यसलाई पनि सुधार गर्न जरुरी छ । ऊर्जा उद्यमी अहिले पनि १४ मन्त्रालय, ४० विभाग लगायतका निकायमा धाउनुपर्ने बाध्यता छ। यो एकद्धार प्रणाली भनेर मैले पहिलोपटक सुनेको २०३२ सालमा पहिलो पटक हो । पञ्चायतको त्यो बेलामा राजा महेन्द्रले नेपाललाई एशियाली मापदण्डमा पुऱ्याउने भनेर उद्योग व्यवसायीका लागि एकद्धार प्रणाली लागू गर्ने भनिएको थियो । त्यो बेलामा विकास द्रुत रुपमा गर्ने भनिएको थियो । त्यो भनेको ५० बर्ष नाघिसक्यो अहिले पनि सुनिरहनु परेको छ। व्यवहारमा प्राप्त गर्न सकेका छैनौ । हरेक व्यवसायमा एकद्धार प्रणाली खाँचो । त्यसैले सरकारले एकद्धार प्रणालीबाट काम गर्ने वातावरण जतिसक्दो चाँडै लागू गर्नुपर्छ ।




## सुनिल केसी,
**अध्यक्ष,**
**नेपाल बैंकर्स एसोसिएसन**


नेपालको निजी क्षेत्रले २० वर्षको अवधिमा जुन खालको उपलब्धी हासिल गरेको छ, त्यो सकारात्मक छ। ऊर्जासँगै निजी क्षेत्रले पूर्वाधार क्षेत्रमा योगदान पुऱ्याउन सकेको छ। यो निजी क्षेत्रले सिर्जना गरेको राम्रो सफलताको कथा पनि हो। यसलाई हामीले विश्वव्यापी रुपमा पनि प्रचारप्रसार गर्न पनि जरुरी छ। नेपालको ऊर्जा क्षेत्रको विकासमा बैंकिङ क्षेत्रले पनि सहयात्रीको रुपमा अघि बढ्ने अवसर पाएको छ। यसलाई पनि सकारात्मक ढंगले लिनुपर्ने देखिन्छ। निजी क्षेत्रले जलविद्युत्मा पाएको उपलब्धिलाई बैंकिङ क्षेत्रले उच्च सम्मान गर्न चाहान्छ। नेपालमा करिव तीन हजार मेगावाट क्षमताको विद्युत् जडित क्षमता पुगेको छ। सन् २०३५ सम्म सरकारले २८ हजार ५ सय मेगावाट क्षमता पुऱ्याउने महत्वाकांक्षी योजना अघि सारेका छौं। त्यो योजनालाई सार्थकता वा अघि बढाउनका लागि बैंक तथा वित्तीय संस्थाले दश अर्ब अमेरिकी डलर लगानी गर्नुपर्ने बताइएको छ। नेपालका बैंक तथा वित्तीय संस्थाले अहिले पनि तीन खर्ब रुपैयाँ लगानी गरिसकेको अवस्था छ। खाली विद्युत् उत्पादनमा भन्दा यसले अन्य क्षेत्रलाई पनि उत्प्रेरक गर्ने काम गर्दै आइरहेको छ। अहिले राष्ट्र बैंकले ऊर्जा क्षेत्रमा १० प्रतिशत मात्रै लगानी गर्नुपर्ने नियम राखेको छ। त्यसलाई पनि संसोधन गरेर कम्तिमा पनि १५ प्रतिशत कर्जा लगानी गर्नुपर्ने वातावरण तयार गर्न जरुरी छ। अर्कोतर्फ नेपालको सबै लगानी नेपालको बैंकिङ क्षेत्रले मात्रै सक्दैनन्। त्यसैले सरकारले विदेशी निकायबाट पनि लगानी भित्राउने वातावरण तयार गर्न जरुरी छ। क्लाइमेट र ग्रिन फण्ड तथा बोण्डलाई ल्याएर नेपालमा लगानीको वातावरण बनाउनेमा सबै सक्रियतापूर्वक लाग्न आवश्यक छ।



## कमलेश कुमार अग्रवाल

**अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श**

जलविद्युत् आयोजनाको उत्पादनमा मात्रै नभएर जलविद्युत् आयोजनाको प्रसारणलाइन र विद्युत् व्यापारमा पनि निजी क्षेत्रको संलग्नता गराउनुपर्ने आवश्यकता भइसकेको छ । यो विषयमा सरकार गम्भिर भएर अघि बढ्न जरुरी देखिएको छ ।

सरकारले १० वर्षमा १० हजार मेगावाट विद्युत् व्यापार गर्ने जुन नीति अघि सारेको छ। त्यसलाई कार्यान्वयन गर्नका लागि पनि निजी क्षेत्रलाई पनि विद्युत् व्यापारमा संलग्न गराउन आवश्यक देखिन्छ। सरकारले आगामी आव १५ सय ६० मेगावाट बिजुली थप हुने प्रक्षेपण गरेको छ । सो थप हुँदा कुल जडित क्षमता ४५ सय मेगावाट पुग्नेछ । झण्डै ७० प्रतिशत जलविद्युत् आयोजना निजी क्षेत्रबाट नै सञ्चालन हुदैँ आइरहेका छन् । आगामी दिनमा विद्युत् उत्पादनको लक्ष्य पुरा गर्न पनि निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने देखिन्छ। आयोजना निर्माणमा र प्रसारणलाइन निर्माणमा अन्तरमन्त्रालय समन्वय र मुआब्जा र क्षतिपूर्ति प्राप्ती र वनको समस्या उस्तै छ। ऊर्जा क्षेत्रमा लगानीमैत्री वातावरण बनाउनको लागि राजनीतिक स्थिरता र लगानीमैत्री वातावरण बनाउन निकै जरुरत छ । यसका लागि सबैले हातेमालो गरेर अघि बढ्न आवश्यक छ। पछिल्लो समय जलवायू परिवर्तनको कारणले जलविद्युत् आयोजनाहरुमा विभिन्न खालका समस्या देखिएका छन्। ती समस्याසँग जुध्नेखालका पूर्वाधार संरचना निर्माणमा समेत ध्यान दिन आवश्यक छ । सरकारले निजी क्षेत्रबाट भएको उत्साहजनक सहभागितालाई अझै प्रोत्साहन गर्ने खालका नीति र कार्यक्रम ल्याउन जरुरी देखिन्छ । नेपालको पानीलाई सुनको खानीको रुपमा विकास र विस्तार गर्न आवश्यक देखिन्छ। यसमा सरकारको ध्यान जानुपर्छ।



## राजेशकुमार अग्रवाल
**अध्यक्ष**
**नेपाल उद्योग परिसंघ**

नेपालको ऊर्जा क्षेत्रको विकासमा निजी क्षेत्रको इप्पानको भूमिका महत्वपूर्ण रहदैं आएको छ । आगामी दिनमा समेत यो क्षेत्रको भूमिका अझै बढ्दै जानुपर्छ । नेपालको जलविद्युत् क्षेत्रको विकास हेर्दाखेरी माग र आपूर्तिमा उल्लेखनीय ढंगले वृद्धि तथा विकास भएको छ । तर बढी उत्पादन हुने बिजुली निर्यात गर्नेभन्दा अन्य विकल्पको विषयमा कमै मात्रै सोच्ने गरिएको छ । यहाँ उत्पादन भएको बिजुली निर्यात गर्न आवश्यक छ । योसँगसँगै स्वदेशमा विद्युत् खपत बढाउने नीति र योजनातर्फ पनि ध्यान दिन जरुरी भइसकेको छ । उत्पादन बिजुलीको बजार सुनिश्चितताको दिगो पाटो हो भने । अर्थतन्त्रमा बहुआयमिक प्रभावमार्फत तिव्र आर्थिक वृद्धि हासिल गर्नका लागि पनि विद्युत् नेपालकै अर्थतन्त्रमा कसरी हुन्छ धेरै उपयोग बढाउनेतर्फ केन्द्रित हुन जरुरी भइसकेको छ । उद्योग भनेको थोक वा धेरै विद्युत् खपत गर्ने क्षेत्र हुन । कुल ग्राहर्स्थ उत्पादनमा औद्योगिक क्षेत्र(निर्माणबाहेक)को योगदान सन् १९९६ मा ९ प्रतिशतबाट खस्किएर अहिले ५ प्रतिशतमा झरेको छ । यसको वावजुत पनि ३५ प्रतिशतको हाराहारीमा विद्युत् खपत औद्योगिक क्षेत्रले गर्दै आइरहेको छ । अहिले समग्रमा पिकआवरको विद्युत् माग १९ सय मेगावाटको हाराहारीमा रहेको छ । त्यसको ३३ देखि ३५ प्रतिशत विद्युत् मागको खपत भने औद्योगिक क्षेत्रमा हुदैं आइरहेको छ । सरकारको कुल राजस्वमा औद्योगिक क्षेत्रको योगदान ४५ प्रतिशत भएकाले पनि त्यो उद्योगबाट हुने विद्युत् खपत अहिलेको भन्दा बढ्न जरुरी भइसकेको छ । तर,अहिले उद्योगले दैनिक १६ घण्टाभन्दा धेरै लोडसेडिङ खेपिरहेका छन् । यसैपनि दुई वर्षदेखि बजारमाग पनि ६० प्रतिशतले खस्किरहेको अवस्थामा उद्योगहरु कसरी टिक्ने भन्ने समस्या कायमै छ । यसमाथि दैनिक हुने लोडसेडिङले वस्तु तथा सेवाको लागत वर्षेनी बढ्दै आइरहेको छ । त्यसैले सरकारले गुणस्तरीय र भरपर्दो विद्युत् आपूर्ति गर्ने वातावरण बनाउन जरुरी भइसकेको छ । स्वदेशी लगानीले मात्रै गर्न सकिने अवस्था छैन । वैदेशिक लगानी पनि भित्र्याउनुपर्ने छ । विदेशी लगानी भित्र्याउने वातावरण पनि जरुरी छ ।



**चन्द्रप्रसाद ढकाल**
**अध्यक्ष**
**नेपाल उद्योग वाणिज्य महासंघ**

जलविद्युत् उत्पादनमा पछिल्लो एक दशकको समय निकै उत्साहजनक छ। अहिले आधाभन्दा धेरै क्षमताको विद्युत् निजी क्षेत्रले उत्पादन गरेको छ। भर्खर मात्र प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने समझदारीले ठूलो वातावरण तय गरेको छ। अब निजी क्षेत्रले प्रसारणलाइनको ह्वलिङ चार्ज तिरेर विद्युत् व्यापार गर्ने अवसर पाउनुपर्छ। २०७२ देखि २०८२ सालसम्म निर्माण सम्पन्न गरेका जलविद्युत् आयोजनाको कर छुट दिने तथा प्रतिमेगावाट ५० लाख दिने भनेको सहुलियत निजी क्षेत्रले अझै पाउन सकेका छैनन्। यो व्यवस्थालाई कार्यान्वयन गर्न विशेष आग्रह छ।

भारतको १० हजार मेगावाट निर्यात गर्ने सम्झौतालाई लिपीबद्ध गर्न जरुरी छ। लामो समय हुँदा कम्तिमा पनि ५ वर्षसम्म उत्पादन हुने लगानीकर्तालाई प्रोत्साहन हुने थियो। भारत पठाउन जुन सम्झौता भएको छ। त्यसलाई कार्यान्वयन गरे ठूलो उपलब्धी हुन्छ। कतिपय आयोजना स्थानीयको अवरोध र सुरक्षाको कारणले पनि नियमित रुपमा सञ्चालन गर्न सकिरहेका छैनन्, त्यहाँ समस्या छ। सरकारबाट इजाजत लिएर अघि बढेका आयोजनाको सुरक्षामा ध्यान दिन जरुरी छ। ऊर्जा उत्पादकहरुको विद्युत् ऐनलाई अघि बढाएर विद्युत् व्यापार र प्रसारणलाइनमा संलग्न गराएको खण्डमा बजार थप विस्तार हुने थियो। नेपालमा सुख्यायामा बिजुली संकट हुने गर्छ। वर्षायाममा धेरै बिजुली हुने समस्या छ। हिउँदेयामा र वर्षायाममा बिजुलीको माग र आपूर्तिको विषयमा व्यवस्थित ढंगले समिति बनाएर अध्ययन गर्न जरुरी देखिएको छ।



## डा. बैकुण्ठ अर्याल
**मुख्य सचिव**
**नेपाल सरकार**

स सरकारले लगानीका लागि केही नीतिगत व्यवस्था गरेको छ । सरकारले अध्यादेशमार्फत आठ वटा ऐन संशोधनको प्रक्रिया अघि बढाएको छ । यसले पक्कै पनि नीतिगत रुपमा देखिएका समस्यालाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ । जलविद्युत् आयोजना निर्माणमा पछिल्लो समय संरक्षणभित्र पर्ने वन क्षेत्रको विषयले केहीहदसम्म जटिलता ल्याएको थियो । अहिले संरक्षण क्षेत्रभित्र पूर्वाधार विकास गर्न केही बाधा अड्चन रहेका थिए । तिलाई सम्बोधन गर्नका लागि अलिकति सहज बनाउको लागि संरक्षण क्षेत्र भित्र निर्माण गर्ने पूर्वाधार सम्बन्धि कार्यविधि नै बनाएर सहजीकरणको काम भइरहेको छ । राष्ट्रिय वनको जग्गा प्राप्ति होस या प्रयोग गर्न दिने विषयमा पनि सहजीकरण हुदैं आइरहेको छ । मन्त्रिपरिषद्को बैंठकमा प्रत्येक साता धेरैजसो समेट्रिने विषय पनि वनको जग्गा प्राप्तिसँग सम्बन्धित विषय हुने गरेका छन् । यसले पनि प्रथामिकतामा दिएको भन्ने पुष्टि हुन्छ । सरकारको नीति तथा कार्यक्रममा पनि प्रसारणलाइनको विस्तारलाई जोड दिइएको छ । ऊर्जादर्शक मार्गचित्रलाई कार्यान्वयन गर्न सकेमा ऊर्जा विकासमा ठूलै फड्को मार्न सकिन्छ । पूर्व क्षेत्रमा आएको बाढीपहिरोले क्षतिग्रस्त जलविद्युत् आयोजनाको उपकरण आयातमा पनि सहजीकरणको प्रयास भइरहेको छ । विराटनगरमा रोकिएका उपकरणलाई सहजीकरण र प्रविधिक समस्या टुंगाउने पनि प्रयास जारी छ ।

गत वैशाख दोस्रो साता भएको लगानी सम्मेलनमा पनि जलविद्युत् आयोजनालाई विशेष प्राथमिकता राखिएको थियो । इप्पानले पनि लगानी सम्मेलनमा आयोजना सोकेस गरेको थियो । जलविद्युत्मा स्वदेशी तथा विदेशी लगानी भित्राउन आवश्यक छ । त्यसका लागि सबै निकाय समन्वय गरेर अघि बढ्न आवश्यक छ । वनको विषयमा पनि सहजीकरण भइरहेको छ । उद्योगी व्यवसायीमाथि पक्राउ पुर्जी जारी भन्ने विषय पनि सुनियो । यो विषयमा पनि आवश्यक समन्वय र सहजीकरण गर्नका लागि अनुरोध गरिदैं आइरहेको छ ।

बैंक तथा वित्तीय संस्थाले पनि लगानीको पुर्जी प्राप्त छ। निजी क्षेत्रले राम्रो खालको आयोजना लिएर गएको खण्डमा वित्तीय व्यवस्थापनमा समस्या हुदैंन । आरसिओडीको लागि एकै पटक सबै आयोजनाको म्याद थप नहुन सक्छ। आयोजना विशेषको लागि म्याद थप गर्न सकिन्छ। सञ्चय कोष, नागरिक लगानीकोष र अन्य कोषमा धेरैले चासो दिएको पनि पाइरहेको छ। त्यसैले सबैलाई समन्वय गरेर अघि बढ्नेछ। स्टक मार्केटमा पनि जलविद्युत् आयोजनालाई समावेश गर्न कुनै समस्या छैन । निजी क्षेत्रलाई विद्युत् व्यापार र प्रसारणलाइनमा पनि अघि बढाउन तयार छौं । यो छलफल गरेर नै अघि बढाउन सकिन्छ। अहिले संसदमा पनि विद्युत् विधेयक छलफलकै क्रममा छ । पक्कै पनि विद्युत् विधेयकले यो विषयलाई सम्बोधन गर्ने छ । विधेयकमा पनि निजी क्षेत्रका आवाजलाई पनि समेटिन्छ। विद्युत् खपत गर्ने योजना पनि सरकार र निजी क्षेत्रले छलफल गरेर आवश्यक कार्ययोजना अघि बढाउन सकिनेछ।





## मोहन कुमार डाँगी
### वरिष्ठ उपाध्यक्ष, इप्पान

इप्पानको २२ औं वार्षिक साधारणसभाका सभापतिज्यू प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, निजी क्षेत्रको प्रतिनिधित्व गरेर आउनुभएका सम्पूर्ण उद्योगी व्यवसायी साथीहरु, र पत्रकार मित्रहरु ।

नेपालको ऊर्जा विकासले निजी क्षेत्रको प्रवेशपछि मात्रै फड्को मारेको हो । जलविद्युत उत्पादनमा निजी क्षेत्रलाई प्रवेश नगराएको लोडसेडिङ अन्त्य त विद्युत ब्यात गरेर पनि हुन्थ्यो होला, तर नेपाल विद्युत निर्यात गर्ने मुलुकमा भने पर्ने थिएन । वार्षिक १५ अर्ब बढीको विद्युत निर्यात गर्दा यसमा ठूलो हिस्सा निजी क्षेत्रका आयोजनाहरुको नै छ । अझ निजी क्षेत्रले विद्युत व्यापारको अवसर पाएको भए उत्पदनमा जसरी नै निर्यातमा पनि नेपालले उल्लेख्य प्रगति हासिल गरिसकेको हुन्थ्यो ।

तर, विद्युत् विधेयक २०८० मा निजी क्षेत्रलाई निस्तेज पार्ने धेरै प्रावधानहरु समावेश गरिएको छ । यो विधेयक जस्ताको त्यस्तै पास गरियो भने निजी क्षेत्रले थप एउटा पनि आयोजना बनाउन सक्दैन । यो भन्दा त २०४९ कै विद्युत ऐन धेरै गुणा अग्रगामी छ ।

अन्त्यमा इप्पानको २२ औं वार्षिक साधारणसभामा प्रमुख अतिथिको रुपमा उपस्थित भई यस सभाको गरिमा बढाइदिनुभएकोमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूलाई विषेश धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यसैगरी मुख्य सचिव डा. बैकुण्ठ अर्यालज्यू, इप्पानका निवर्तमान अध्यक्ष कृष्णप्रसाद आचार्यज्यू, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालज्यू, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालज्यू, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालज्यू, नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसीज्यू, इप्पानमा आवद्ध ऊर्जा उद्यमी साथीहरु र पत्रकार मित्रहरु सबैलाई धेरै धेरै धन्यवाद ज्ञापन गर्दछु ।


"Breaking Ba
iers, Promoting
omestic Investment"
2nd




iPPAN
"Breaking Barriers, Promoting Domestic Investment"